

**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे

रुट नं. १ : पुन्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**

नागदुंगा, पोखरा-९, फोन नं : 061-589012 544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क: ०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क ७८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ चैत २१ गते शनिबार ❑ 4 Apr. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## सभामुखमा रास्वपाका डोलप्रसाद अर्याल निर्विरोध

**रासस**
काठमाडौं, २० चैत



प्रतिनिधिसभा, सभामुखको निर्वाचन कार्यक्रमअन्तर्गत तोकिएको समयभित्र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उपसभापति डोलप्रसाद अर्यालको मात्र सभामुखमा उम्मेदवारी परेको थियो ।

सङ्घीय संसद् सचिवालयले तर्जुमा गरेको कार्यतालिकाअनुसार शुक्रबारबिहान ११:०० बजेदेखि २:०० बजेसम्म संसद् सचिवालय, सिंहदरबारमा उम्मेदवारी दर्ता गर्ने कार्यक्रम रहेकामा उक्त अवधिमा अर्यालको मात्रै सूचना दर्ता भएको हो । अर्यालको प्रस्तावकमा रास्वपाका सभापति रवि लामिछाने र समर्थकमा सोही दलका सांसदहरू सोबिता गौतम, डा स्वर्णिम वाग्ले र सुनील लम्साल रहनुभएको थियो । कार्यतालिकाबमोजिम सचिवालयले तोकिएको समयमा दर्ता भएका एकमात्र उम्मेदवारको सूचना प्रकाशन गरेको छ । दर्ता भएका प्रस्तावका सूचनालाई चैत २२ गते हुने प्रतिनिधिसभाको बैठकमा निर्णयार्थ प्रस्तुत गर्ने कार्यक्रम छ । एकमात्र उम्मेदवारी परेकाले अर्याल निर्विरोध निर्वाचित हुने निश्चित भएको छ ।

यस्तो घोषणा अब बस्ने प्रतिनिधिसभाको बैठकमा हुनेछ । प्रतिनिधिसभाको बैठक आगामी आइतबार बस्दैछ । प्रतिनिधिसभामा रास्वपा दुई तिहाइ नतिजक छ । सत्तापक्षको स्पष्ट बहुमत भएकाले प्रतिपक्षी दलहरूले सभामुख पदमा उम्मेदवारी दिएनन् । २७५ सदस्यीय प्रतिनिधिसभामा रास्वपाको मात्रै १८२ सांसद छन् । नेपाली कांग्रेस ३८, नेकपा एमाले २५, नेपाली कम्युनिस्ट पार्टी १७, श्रम संस्कृति पार्टी ७, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का ५ सांसद् छन् । सभामुख चयन भएसँगै उपसभामुखको निर्वाचन प्रक्रिया अगाडि बढ्नेछ । उपसभामुखको निर्वाचन सभामुखले तोकेको दिन र समयमा हुने व्यवस्था छ । संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार सभामुख र उपसभामुखमा फरक दल र फरक लिंगको व्यक्ति हुनुपर्ने प्रावधान छ । 'सभामुख र उपसभामुखमा फरक दल र फरक लिंगको व्यक्ति हुनुपर्ने प्रावधान छ' गिरी भन्छन्, 'एकल उम्मेदवारी परेको अवस्थामा भने एउटै दलको पनि हुन सक्दछ ।'

नेताहरूका अनुसार उपसभामुखबारे छलफल भएको छैन । प्रतिनिधिसभामा रास्वपासहित ६ दल छन् । निर्वाचित भइसकेपछि आफ्नो कार्यभार सम्हाल्नुअघि सभामुखले राष्ट्रपतिसमक्ष पद तथा गोपनीयताको शपथ लिनु पर्ने हुन्छ । सभामुख र उपसभामुख दुवै संवैधानिक परिषद्को सदस्य हुन्छन् । यसकारणले समेत उपसभामुखमा कुन दलबाट प्रतिनिधित्व हुन्छ भन्ने विषयलाई चासोका साथ हेर्ने गरिन्छ । संवैधानिक निकायका प्रमुख र पदाधिकारीहरूको

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## प्रजातान्त्रिक आन्दोलनमा पत्रकारिता क्षेत्रको भूमिका महत्वपूर्ण : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
बागलुङ, २० चैत




गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले नेपालको प्रजातान्त्रिक आन्दोलनमा पत्रकारिता क्षेत्रको महत्त्वपूर्ण भूमिका रहेको बताउनुभएको छ ।

शुक्रबारदेखि बागलुङमा सुरु भएको मिडिया मेलालाई सम्बोधन गर्दै मुख्यमन्त्री पाण्डेले पत्रकारिता थप सुदृढ र प्रभावकारी बन्नुपर्ने बताउनुभयो ।

सरकारले बाटो बिराउन खोजे पत्रकारितामार्फत खबरदारी जरुरी रहेको उहाँको भनाइ थियो । पत्रकारले नागरिकका समस्या सरकारसँग र सरकारका काम जनतासम्म पुर्‍याउने पुलको काम गर्दै आएको उहाँले उल्लेख गर्नुभयो ।

मुख्यमन्त्री पाण्डेले भन्नुभयो, “पत्रकारितालाई थप व्यवस्थित गर्न जरुरी छ, अहिले 'सोसल मिडिया'का कारण समाजमा सत्यभन्दा असत्य समाचारले स्थान पाउन थालेका छन्, यसले जनतामा भ्रम छर्ने र सही सूचना पाउनबाट वञ्चित गरेको छ, अब पत्रकार सत्यमा आधारित भएर पत्रकारितालाई सुदृढ बनाउन जरुरी छ ।” मुख्यमन्त्री पाण्डेले गण्डकी प्रदेश सरकारले पत्रकारिताको वृत्ति विकास पत्रकारको क्षमता विकासका लागि लोककल्याणकारी विज्ञापन उपलब्ध गराउँदै आएको बताउनुभयो ।

## गुणस्तरीय स्वास्थ्य सेवा सुधारका योजना बनाउँदै प्रतिष्ठान

**रासस**
काठमाडौं, २० चैत

बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानले स्वास्थ्य सेवा क्षेत्रलाई गुणस्तरीय, पारदर्शी र सेवाग्राहीमैत्री बनाउन सुधारका योजना अघि सारेको छ ।

सरकारको यही चैत १३ गते बसेको मन्त्रिपरिषद् बैठकले शासकीय सुधारसम्बन्धी एक सय कार्यसूची तयार गरी सार्वजनिक गरेको थियो । सोही कार्यसूचीको (ञ) मा स्वास्थ्य, शिक्षा र मानव विकासअन्तर्गत बुँदा नं ८५ मा स्वास्थ्य क्षेत्रको सुधारका लागि गरिने कामको सूची तयार गरिएको छ । सोसम्बन्धमा प्रतिष्ठानका उपकुलपति प्राडा विक्रमप्रसाद श्रेष्ठको अध्यक्षतामा आज बसेको उच्चस्तरीय बैठकले प्रतिष्ठानले प्रवाह गर्ने स्वास्थ्य क्षेत्रमा बृहत् परिवर्तन ल्याउन विभिन्न १३ बुँदे निर्णय गरेको छ । बैठकले प्रतिष्ठानमा विगतदेखि सञ्चालनमा रहेको १० प्रतिशत निःशुल्क शय्या सेवालाई थप पारदर्शी, व्यवस्थित र उत्तरदायी बनाउन, सेवा लिइरहेका बिरामीको अद्यावधिक विवरण 'रियल टाइम लाइभ ड्यासबोर्ड' मार्फत सार्वजनिक गर्ने व्यवस्था गरिने निर्णय गरेको छ ।

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## उच्च शिक्षामा चरम क्षेत्रीय र विषयगत असन्तुलन

**पोखरापत्र संवाददाता**
पोखरा, २० चैत




नेपालको उच्च शिक्षा क्षेत्रमा गहिरो क्षेत्रीय र विषयगत असमानता रहेको तथ्यांक सार्वजनिक भएको छ ।

पोखरास्थित समाज विज्ञान केन्द्रले शुक्रबार आयोजना गरेको मासिक 'कचहरी' कार्यक्रममा संघीय संरचनापछि पनि शैक्षिक पहुँचमा उल्लेख्य सुधार हुन नसकेको सरोकारवालाले बताए । अनुसन्धानकर्ता डा. ढाकाराम भण्डारीले प्रस्तुत गरेको कार्यपत्र अनुसार मुलुकभरका विश्वविद्यालयको वितरण असन्तुलित छ ।

गण्डकी, राजर्षि जनक, मदन भण्डारी विज्ञान तथा प्रविधि, नेपाल विश्वविद्यालय, नेपाल खुला, मनमोहन प्राविधिक, मधेस कृषि, मधेस र लुम्बिनी प्राविधिक जस्ता संस्था स्थापना भए पनि तिनको पहुँच सबैतिर पुग्न सकेको छैन । विश्वविद्यालय अनुदान आयोगको इएमआईएस प्रतिवेदन अनुसार देशभर ५ लाख ७९ हजार ४ सय २८ विद्यार्थी अध्ययनरत छन् । गण्डकी प्रदेशमा रहेका ४७ हजार ८ सय ४७ विद्यार्थीमध्ये १० हजार ५ सय ७१ जना मात्रै विज्ञान संकायमा छन् । कार्यक्रममा सहप्राध्यापक डा. कपिल अधिकारीले विश्वविद्यालयमा कर्मचारीतन्त्र हाबी भएको र अनुसन्धान फितलो रहेको बताए । 'प्राज्ञिक नेतृत्व राजनीतिक नेता जस्तो हुनु हुँदैन', उनले भने । प्राडा भरतराज पहाडीले भुइँतहको यथार्थ (ग्राउन्ड रियालिटी) लाई अनुसन्धानको विषय बनाउन सुझाव दिए । पोखरा विश्वविद्यालयका उपप्राध्यापक सुवास मल्लले व्यवस्थापनमा आकर्षण धेरै भएको र 'ड्रप आउट' मुख्य समस्या रहेको सुनाए । गण्डकी विश्वविद्यालयका उपप्राध्यापक सुरेश ढकालले विद्यार्थी एआई र युट्युबको भरमा परेको र उनीहरुको ध्यान विदेशतिरै बढी रहेको बताए । स्कुल अफ बिजनेसकी निर्देशक डा. दीपमाला श्रेष्ठले विश्वविद्यालय शैक्षिक गुणस्तर भन्दा सम्बन्धन बाँड्नमा बढी केन्द्रित भएको टिप्पणी गरिन् । कार्यक्रममा भीम न्यौपाने, सफल सुवेदी र शिक्षक संगठनका दामोदर तिमिल्सिनाले पनि आफ्नो धारणा राखेका थिए । शिक्षा क्षेत्रमा दलीयकरण बढेकोमा डा. ढाकाराम भण्डारीले चिन्ता व्यक्त गरे । विद्यार्थी सन्देश शर्माले सञ्चालन गरेको कार्यक्रम अनुसन्धानकर्ता सन्तोष कोइरालाले समापन गरे ।

## जानकीमा विश्व अटिजम सचेतना दिवस

**पोखरापत्र संवाददाता**
पोखरा, २० चैत





बालबालिकामा देखिने मस्तिष्क र स्नायु कोषहरुको स्वाभाविक विकासक्रममा हुने असमान अवस्थाको रुप अटिजम भएको यहाँ आयोजित एक कार्यक्रमका बक्ताले जोड दिएका छन् ।

१९ औ अन्तराष्ट्रिय अटिजम सचेतना दिवसको अवसरमा पोखरा महानगरपालिका वडा नं १७ महतगौडामा सञ्चालित जानकी माध्यमिक विद्यालय अटिजम श्रोत केन्द्रमा आयोजित अन्तरकृया कार्यक्रममा बोल्ने वक्ताहरुले पछिल्लो समय भुसको आगो जस्तो फैलिएको अटिजमका विषयमा सिंगो समाज सचेत हुनु पर्ने आवश्यकता औल्याएका हुन । पोखरा महानगरपालिका वडा नं. १७ का वडाध्यक्ष राधिका शाही योगीले कार्यक्रमको उद्घाटन गर्दै पछिल्लो समय घरघरको समस्याका रुपमा देखिएको अटिजमको केही हतसम्म भएपनि समाधानका लागि महानगरले पहिलो पटक श्रोत कक्षा सञ्चालन गरेको जानकारी दिनुभयो ।

जानकी माविको खेलमैदानमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत निर्माण अधुरो रहेको भवनलाई सम्पन्न गरि सञ्चालनमा आएको सो अटिजम श्रोत केन्द्रमा हाल ४० जना विद्यार्थी, आठ जना सहजकर्ता र आया, एक जना थेरापिष्ट अध्ययन अध्यापन गर्दै आएका छन् ।

कार्यकक्रममा पोखरा १७ वडा कार्यालयले श्रोत केन्द्रका लागि आवश्यक ५० हजार रुपैया मुल्य वरावरका आवश्यक सामाग्री विद्यालय व्यवस्थापन समितिलाई हस्तान्तरण गरिएको थियो । दिवसका अवसरमा अटिजमका विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, अभिभावक, स्थानीय आमा समुह, टोल विकास संस्थाहरुको सहभागितामा प्रभातफेरी कार्यक्रमको आयोजना गरिएको थियो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरिप्रसाद बास्तोलाको अध्यक्षतामा भएको कार्यक्रममा प्रा.डा नम्रता केसी, पूर्व विविस अध्यक्ष नगेन्द्र गुरुङ, प्रधानाध्यापक अर्जुन कँडेल, अटिजम श्रोत केन्द्र इन्चार्ज कमल आचार्य लगायतले अटिजमको वर्तमान अवस्था र यसमा तीनै तहका सरकारले खेल्नु पर्ने भूमिकाका वारेमा चर्चा गर्नुभएको थियो ।

# फेवा महोत्सवमा तीन लाख पर्यटक पोखरा आउने आँकलन

पोखरापत्र संवाददाता
पोखरा, २० चैत

नेपाली नयाँ बर्ष २०८३ मनाउन यसपटक तीन लाख आन्तरिक तथा बाह्य पर्यटक पोखरा आउने होटल संघ पोखरा नेपालले अनुमान गरेको छ ।

पोखरामा आयोजना हुने २१ औं फेवा नव बर्ष महोत्सवको तयारीबारे जानकारी दिन विहीबार आयोजित पत्रकार सम्मेलनमा संघका अध्यक्ष लक्ष्मण सुवेदीले सो आँकडा सुनाएका हुन् । यही चैत २९ देखि आगामी वैशाख १ गतेसम्म संघले लेकसाइडको सडकमा यो महोत्सव आयोजना गर्दै छ । महोत्सवका अवसरमा होटलको अकुपेन्सी दर ९० प्रतिशतसम्म पुग्ने विषय पनि अध्यक्ष एवं महोत्सवका संयोजक सुवेदीले सुनाए । महोत्सवको तयारी अन्तिम चरणमा पुगेको जानकारी पनि उनले दिए ।

पोखराको खहरेचोकदेखि सहिदचोक बिचको सडकमा महोत्सव संचालन हुने छ । पर्यटन, संस्कृति र खानालाई जोड दिएर यो महोत्सव हुन लागेको हो । महोत्सवमा निःशुल्क प्रवेशको व्यवस्था रहने छ । महोत्सवका अवसरमा संघ अन्तर्गतका सदस्य होटलले आफ्नो प्रकाशित दररेटमा २५ प्रतिशतसम्म छुट प्रदान गर्ने घोषणा गरिसकेका छन् । इ-सेवाबाट होटल बुक गर्दा १० प्रतिशत सम्म क्यासब्याक हुने अफर पनि इ-सेवाले अगाडि सारेको छ । प्रदेशस्तरीय मौलिक तथा रैथाने परम्परागत खानाको प्रदर्शनी, पंचैबाजा प्रतियोगिता र पर्यटक दौड प्रतियोगिता महोत्सवका प्रमुख आकर्षण हुन् । सांस्कृतिक, मनोरञ्जनात्मक, लोकदोहोरी र पप कन्सर्टका कार्यक्रम पनि हुने छन् । महोत्सवका अवसरमा स्थानीय खहरेबाट निकालिने झाँकी अम्बोटमा पुगेपछि औपचारिक उद्घाटन समारोह सुरु हुने छ ।

महोत्सवलाई भव्य बनाउन विभिन्न उपसमितिबाट काम जारी छन् । केही दिन अघि पूर्वी नेपालका विभिन्न शहरमा पुगी नेपाल पर्यटन बोर्ड गण्डकीसँगको समन्वयमा जाउँ है पोखरा कार्यक्रम अन्तर्गत संघले फेवा महोत्सवको निम्ता बाँडिसकेको छ । लुम्बिनी प्रदेशका संचारकर्मीमार्फत् पश्चिमका बासिन्दालाई पनि महोत्सवका सहभागिताका लागि आमन्त्रण पनि संघले गरेको छ । यही चैत २८ गते पोखरामा हुने रात्री दौडका आयोजक पोखरा क्लिक र पोखरा प्रबर्द्धन केन्द्रसँग सहकार्य गर्दै संघले महोत्सव प्रचारको कार्यक्रम पनि अगाडि बढाएको छ ।

फेवा महोत्सवको मुख्य प्रायोजकमा गोर्खा ब्रुअरी प्रालि, सहप्रायोजकमा म्याक्स टाइगर र एक्ट्रिम इनर्जी ड्रिंक तथा प्रायोजकहरुमा अन्नपूर्ण केवलकार लि, इ-सेवा, युनाइटेड वाइनरी प्रालि रहेका छन् । इन्योरेन्स पार्टनरमा सलिको इन्स्योरेन्स रहेको छ । महोत्सव प्रबर्द्धकमा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश, पोखरा महानगरपालिका र उद्योग तथा पर्यटन मन्त्रालय गण्डकी प्रदेश रहेका छन् । पत्रकार सम्मेलनमा नेपाल पर्यटन बोर्ड गण्डकीका प्रमुख मणिराज लामिछाने र आयोजक संघका निवर्तमान अध्यक्ष विकल तुलाचनले पनि भनाई राखेका थिए । कार्यक्रमको संचालन संघका सचिव पार्वता पाण्डेले गरेकी थिइन् ।



अटिजम भएकाको स्वास्थ्य परीक्षण :
विश्व अटिजम सचेतना दिवसका अवसरमा पोखरा महानगरपालिका वडा नं १७ महतगौडास्थित जानकी माध्यमिक विद्यालय अटिजम स्रोत केन्द्रका विद्यार्थीको स्वास्थ्य परीक्षण गर्दै प्रा डा नम्रता केसी । सो केन्द्रमा ४० जना अटिजमका विद्यार्थी अध्ययनरत छन् । तस्बिर हरिप्रसाद बाँस्तोला/रासस

# लायन्स अन्तर्राष्ट्रिय डिस्ट्रिक्ट ३२५ जे नेपालको चौथो कन्भेन्सन शनिबार

पोखरापत्र संवाददाता
पोखरा, २० चैत

लायन्स अन्तराष्ट्रिय डिस्ट्रिक्ट ३२५ जे नेपालको चौथो कन्भेन्सनको तयारी पुरा भएको छ ।

चैत्र २१ गते शनिबार पोखरामा सम्पन्न हुने चौथो डिस्ट्रिक्ट कन्भेन्सनको सम्पूर्ण तयारी पूरा भएको भएको कन्भेनर सूर्य बरालले जानकारी दिएका छन् । कन्भेन्सन पोखरा इभेन्ट सेन्टरमा आयोजना हुँदैछ । कन्भेन्सनलाई सफल बनाउन आवश्यक सम्पूर्ण व्यवस्थापन, कार्यक्रम तालिका, अतिथि व्यवस्थापन तथा सहभागी समन्वयको काम सम्पन्न भइसकेको आयोजकले जनाएको छ । देशभरबाट लायन्स सदस्य, प्रतिनिधि तथा पदाधिकारीहरूको उल्लेखनीय सहभागिता रहने अपेक्षा गरिएको छ।

पूर्व उपगभर्नर ध्रुव श्रेष्ठले कन्भेन्सनलाई लायन्स अभियानको सुदृढीकरण गर्ने महत्वपूर्ण अवसरका रूपमा व्याख्या गर्छन् । उनी भन्छन्, "डिस्ट्रिक्ट कन्भेन्सनले लायन्स सदस्यहरूबीचमा अनुभव आदान-प्रदान, सहकार्यको विस्तार र भावी कार्यदिशा तय गर्न महत्वपूर्ण भूमिका खेल्छ। यसले सङ्गठनलाई अझ सशक्त र प्रभावकारी बनाउने विश्वास लिएका छौं ।" कन्भेन्सनका कन्भेनर सूर्य बराल ले कार्यक्रमलाई व्यवस्थित, प्रभावकारी र उपलब्धिमूलक बनाउन विभिन्न उपसमितिहरू सक्रिय रूपमा खटिएका जनाएका छन् । सहभागीहरूलाई सहज वातावरणमा कार्यक्रम सम्पन्न गराउने लक्ष्य रहेको उनको भनाइ छ।

त्यसैगरी, गभर्नर मिलनबाबु मल्लले कन्भेन्सनले लायन्स अभियानलाई नयाँ उचाइमा पुऱ्याउने विश्वास व्यक्त गरे । उनले भने, "यो कन्भेन्सन केवल औपचारिक कार्यक्रम मात्र नभई सेवा, नेतृत्व र प्रतिबद्धताको साझा मञ्च हो । यहाँबाट लिइने निर्णयहरूले आगामी वर्षका लागि हाम्रो कार्यदिशा तय गर्नेछन् ।" कन्भेन्सनमा सामाजिक सेवा, नेतृत्व विकास, अनुभव आदान-प्रदान तथा सङ्गठनात्मक सुदृढीकरणसँग सम्बन्धित विविध कार्यक्रमहरू सञ्चालन हुने जनाइएको छ । साथै, विभिन्न सेवा परियोजनाहरूको प्रस्तुति, सम्मान कार्यक्रम तथा भावी योजना निर्माणसम्बन्धी छलफलसमेत हुनेछन् । आयोजकका अनुसार कन्भेन्सनले लायन्स सदस्यहरूबीचमा एकता, सहकार्य र प्रतिबद्धतालाई थप मजबुत बनाउँदै समाजसेवाका गतिविधिलाई अझ प्रभावकारी बनाउने अपेक्षा गरिएको छ। औपचारिक कार्यक्रम अघि प्रभातफेरी आयोजना गरिने जनाइएको छ ।

# सरकारी र निजी अस्पतालमा १० प्रतिशत निःशुल्क शैया

रासस
काठमाडौं, २० चैत

सरकारले सरकारी र निजी अस्पतालमा १० प्रतिशत शय्या निःशुल्क गर्ने व्यवस्थालाई कडाइका साथ लागू गर्ने निर्णय गरेपछि अस्पतालहरुले यो व्यवस्था कार्यान्वयन गर्न थालेका छन् ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले एक सूचनामार्फत स्वास्थ्य क्षेत्रसँग सम्बन्धित कार्यहरुको पछिल्लो प्रगति विवरण सार्वजनिक गर्दै ३२ अस्पताल (१९ निजी र १३ सरकारी) का १० प्रतिशत शय्यामा निःशुल्क उपचार प्रदान गरिएको जानकारी गराएको हो । सरकारले विपन्न, असहाय तथा बेवारिसे बिरामीले अस्पताल सेवामा पहुँच नपाउने, आर्थिक कारणले उपचारबाट वञ्चित अवस्थाको अन्त्य गर्न र निजी-सरकारी दुवै क्षेत्रमा सामाजिक उत्तरदायित्व अभिवृद्धि गर्न सरकारी तथा निजी अस्पतालका कूल शय्यामध्ये कम्तीमा १० प्रतिशत निःशुल्क उपलब्ध गराउने व्यवस्था कडाइका साथ तत्काल कार्यान्वयन गर्ने निर्णय गरेको थियो । चैत १३ मा मन्त्रिपरिषद्ले निर्णय गरे बमोजिम शासकीय सुधारको कार्यसूचीमा स्वास्थ्य क्षेत्रका सुधारमा विभिन्न ६ बुँदा समेटिएको थियो । जसअनुसार वीर अस्पताल, गङ्गालाल हृदय केन्द्र, कान्ति बाल अस्पताल लगायतका अस्पतालहरूमा सेवाको गुणस्तर सुधारका लागि अनुगमन गरी आवश्यक सुधारका लागि पृष्ठपोषण गरिएको मन्त्रालयले जनाएको छ । साथै, अस्पताल सेवा सुधार निर्देशिकाको प्रारम्भिक मस्यौदा तयार गरिएको छ । सुदूरपश्चिम प्रदेशको टीकापुर, महाकाली र सेती प्रादेशिक अस्पतालका साथै मधेस प्रदेशको कलैया अस्पतालमा जलन वार्ड स्थापना तथा सेवा सञ्चालनको तयारी सुरु गरिएको छ। साथै, मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठान, जनकपुरमा अवरुद्ध रहेको जलन उपचार सेवा पुनःसञ्चालन गरिएको स्वास्थ्य मन्त्रालयले जानकारी गराएको छ । सुदुरपश्चिम, मध्य तथा पूर्वी नेपालका पहाडी क्षेत्रमा आपतकालीन स्वास्थ्य सेवाका लागि एयर एम्बुलेन्स तयारी अवस्थामा राख्ने सम्बन्धमा आवश्यक व्यवस्था हाल कार्यान्वयनमा रहेको छ । दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरीका लागि हवाई उद्धारसम्बन्धी कार्यविधिमा आवश्यक संशोधन गर्न महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसँग परामर्श तथा समन्वय गरिएको छ ।

यसैगरी स्वास्थ्य क्षेत्रका गुनासोहरू सङ्कलन गर्न क्यूआर कोड र छुट्टै इमेलको व्यवस्था गरिएको छ । साथै, एकीकृत प्रणालीमार्फत गुनासो सम्बोधन कार्य सुरु गरिएको मन्त्रालयले जनाएको छ ।

# निःशुल्क स्वास्थ्य शिविरमा १६८ जना दर्शनार्थी पर्यटक लाभान्वित

रासस
मुस्ताङ, २० चैत

मुक्तिनाथधामस्थित दर्शनार्थी विश्रामस्थल प्राङ्गणमा सञ्चालन गरिएको एकदिने निःशुल्क स्वास्थ्य शिविरमा १६८ जना दर्शनार्थी पर्यटक लाभान्वित भएका छन् ।

नेपाली सेनाको जोमसोमस्थित इन्द्रबक्स गणको आयोजनामा बिहीबार सञ्चालन गरिएको स्वास्थ्य शिविरमा मुक्तिनाथ दर्शन गर्ने दर्शनार्थी पर्यटकको निःशुल्क स्वास्थ्य परीक्षण गरिएको हो ।

समुद्री सतहको तीन हजार ८०० मिटर उचाइमा अवस्थित मुक्तिनाथ क्षेत्रमा पुगेका कतिपय दर्शनार्थीलाई हाइअल्टिच्युडको समस्या देखिने गर्छ । मुक्तिनाथ दर्शनार्थीलाई लक्षित गरी



नेपाली सेनाको इन्द्रबक्स गणले मुक्तिनाथमा एकदिने शिविर सञ्चालन गरेको मुक्तिनाथ विकास समितिका व्यवस्थापक दिनेश भुसालले जानकारी दिनुभयो ।

सेनाको निःशुल्क शिविरमा स्वास्थ्यमा समस्या भएका दीर्घरोगका बिरामी, ज्येष्ठ नागरिकलगायतको स्वास्थ्य परीक्षण भएको व्यवस्थापक भुसालले जानकारी दिनुभयो । उच्च उचाइको स्थानमा आउने पर्यटक तथा दर्शनार्थीलाई अक्सिजनको लेवल कम हुने भएकाले 'हाइअल्टिच्युड'को समस्या देखिने गरेको व्यवस्थापक भुसालको भनाइ छ ।

नेपाली सेनाका निःशुल्क स्वास्थ्य शिविरमा स्वदेशी भक्तजन १२२ जना, भारतीय दर्शनार्थी ४० जनाले स्वास्थ्य लाभ लिएको इन्द्रबक्स गणले जनाएको छ ।

त्यसैगरी, शिविरमा पोल्याण्डका पाँच पर्यटक र साउथ कोरियन पर्यटक एक गरी छ जना विदेशीले पनि शिविरमा स्वास्थ्य परीक्षण गरेका थिए । शिविरमा स्वास्थ्य परीक्षण गरिएकामध्ये एक जना दर्शनार्थीलाई प्रोटेबल अक्सिन प्रयोग गरी हाइअल्टिच्युड सिम्नेसको परीक्षण गरी उपचार गरिएको इन्द्रबक्स गणले बताएको छ ।

मुक्तिनाथमा सञ्चालन गरिएको स्वास्थ्य शिविरका लागि इन्द्रबक्स गणबाट एक जना चिकित्सकसहित पाँच स्वास्थ्यकर्मी खटिएका थिए । शिविरमा परीक्षण गर्न आएकाहरूको हाइअल्टिच्युड सिम्नेस, श्वासप्रश्वासको समस्या, उच्च रक्तचापलगायत सामान्य प्रकारको स्वास्थ्य परीक्षण गरिएको थियो ।

पानीका स्रोतको संरक्षण गरौं,
जैविक विविधता जोगाऔं ।

◆ खानेपानीका स्रोतको संरक्षण गरौं,
◆ पानीको दुरुपयोग रोकौं र आवश्यक मात्र प्रयोग गरौं,
◆ धारा खुला छोडने बानी त्यागौं.
◆ उच्च पहाडी तथा हिमाली क्षेत्रमा वर्षाको पानी सक्तलन गर्ने गरी
◆ नदी, ताल, पोखरीको संरक्षण गरौं,
◆ प्लास्टिकजन्य पदार्थको प्रयोग घटाऔं,
◆ जलाधार संरक्षणका लागि वृक्षारोपण गरौं,
◆ पानीजन्य रोगबाट वच्न सरसफाइमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## गुणस्तरीय......

त्यसैगरी प्रतिष्ठानका शिक्षक, स्वास्थ्यकर्मी तथा कर्मचारीको दैनिक हाजिरी गर्नका लागि बायोमेट्रिक हाजिरी प्रणाली विगतदेखि सञ्चालनमा रहेको जनाउँदै प्रतिष्ठानका उपकुलपति प्राडा श्रेष्ठले दैनिक ८:३० बजेभन्दा ढिला आउने तथा ४:४५ भन्दा छिटो जानेका लागि गयल हुने व्यवस्था यसअघि रहेको उल्लेख गर्नुभयो । उहाँका अनुसार कुनै कारण ढिलो भएमा वा छिटो जानु परेमा सोको पर्याप्त कारण खुलाइ निवेदन दिनुपर्ने व्यवस्था यसअघि पनि रहेकामा आगामी दिनमा थप कडाइ र प्रविधिमैत्री बनाउने गर्ने निर्णय भएको छ । उक्त व्यवस्थालाई थप प्रभावकारी र सेवाग्राहीमैत्री बनाउन शिक्षक, स्वास्थ्यकर्मी तथा कर्मचारीको उपस्थिति सुपरीवेक्षण एवं सुनिश्चित गर्न यही चैत १८ गते प्राडा स्मृति कार्कीको संयोजकत्वमा मूल्याङ्कन कमिटी गठन गर्ने निर्णय पनि भइसकेको प्रतिष्ठानले जनाएको छ। विगतदेखि जलन उपचार सेवा प्रदान हुँदै आइरहेकाले आगामी दिनमा जलनका बिरामीको उपचारलाई अझ पहुँचयोग्य र सहुलियतपूर्ण बनाउन, जलनका बिरामीलाई प्रदान गरिने आधार भूत स्वास्थ्य सेवा तथा शय्या निःशुल्क गर्ने व्यवस्था लागू गर्ने तथा जलन उपचार सेवाको प्रभावकारी सुदृढीकरणका लागि बर्न विशेषज्ञ जनशक्ति उपलब्ध हुने सम्बन्धमा मन्त्रालयसँग माग गर्ने निर्णय आजको बैठकले गरेको प्रतिष्ठानका उपकुलपति प्राडा श्रेष्ठले जानकारी दिनुभयो।

## सभामुखमा ...

नियुक्तिका लागि सिफारिस गर्न प्रधानमन्त्रीको अध्यक्षतामा संवैधानिक परिषद् रहने व्यवस्था नेपालको संविधानको धारा २८४ मा छ । यसले प्रधाननयायाधीश, अख्तियार दुरुपयोग अनुसन्धान आयोग,निर्वाचन आयोगलगायतका निकायमा योग्य व्यक्तिहरूको सिफारिस गर्दछ । संवैधानिक परिषद्को सिफारिस संसदीय सुनुवाइ समितिबाट अनुमोदन भएपछि सम्बन्धित पदमा नियुक्त हुनेछन् । यसकारण उपसभामुख पद कसले पाउँछ भन्ने विषय आम चासोमा रहेको छ ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने,महिलावाडीमा गडबडी आदी
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. विनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

# पन्ध्र करोड लागतका ९९ सिँचाइ आयोजना कार्यान्वयन गरिँदै

पोखरापत्र संवाददाता
बागलुङ, २० चैत

चालु आर्थिक वर्षमा गण्डकी प्रदेश सरकारमार्फत बागलुङमा ९९ सिँचाइ आयोजना सञ्चालनमा छन् । जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय बागलुङमार्फत उक्त आयोजना कार्यान्वयनमा आएका हुन् ।

प्रदेश सरकारले विनियोजन गरेको रु १५ करोड बढी लागतमा सिँचाइ आयोजनाको काम अगाडि बढाइएको हो ।

यस वर्षमा १४ वटा तटबन्धसहित ११३ आयोजना जिल्लामा रहेका छन् । तीमध्ये ६० वटा आयोजना उपभोक्ता समितिमार्फत काम भइरहेका छन् भने १६ वटा ठेक्कामार्फत काम भइरहेका जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय बागलुङका सूचना अधिकारी सुवोध नेपालले जानकारी दिनुभयो । उहाँका अनुसार ११ वटा आयोजना ठेक्का लगाउने प्रक्रियामा र बाँकी आयोजना सम्झौताको प्रक्रियामा छन् ।

नेपालले भन्नुभयो, "यस वर्षका अधिकांश आयोजना कार्यान्वयनमा गइसकेका छन्, केही आयोजना सम्पन्न पनि भएका छन् । असार मसान्तभित्रै काम सक्नुपर्ने धेरैजसो आयोजनाको काम अहिले धमाधम भइरहेको छ ।" जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय बागलुङका अनुसार जिल्लामा खेतीयोग्य जमिनको करिब २० प्रतिशत क्षेत्रफलमा मात्रै सिँचाइको सुविधा पुगेको छ ।

जिल्लामा कुल एक लाख ७८ हजार ४०० हेक्टर जमिन रहेकामा ४६ हजार १४८ हेक्टर जमिन खेतीयोग्य छ । हाल ३० हजार ५६४ हेक्टरमा खेती हुँदै आएको जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय बागलुङले जनाएको छ ।

हालसम्म छ हजार ९१३ हेक्टर क्षेत्रफल जमिनमा सिँचाइ सुविधा पुगेको छ भने बाह्रै महिना सिँचाइ हुने क्षेत्रफल भने दुई हजार ८१५ हेक्टर रहेको जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयका सूचना अधिकारी नेपालले जानकारी दिनुभयो ।

बागलुङ भौगोलिक हिसाबले केही क्षेत्र समथर भए पनि अधिकांश भूभाग भिरालो छ । जिल्लाका धेरैजसो स्थानमा अझै पनि सिँचाइको प्रभावकारी सुविधा नहुँदा उत्पादन बढाउन नसकिएको अगुवा किसान प्रेमप्रसाद कँडेलले बताउनुभयो।जिल्लाकाअधिकांश भूगोल भिरालो रहेकाले सिँचाइको प्रभावकारी सुविधा पुग्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

# पोखरा स्पोर्टस् अवार्डमा गुरुङ गहना घरको स्कुटर प्रायोजन

पोखरापत्र संवाददाता
पोखरा, २० चैत

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले आयोजना गर्ने १० औं संस्करणको पोखरा स्पोर्टस् अवार्डलाई गुरुङ गहना घर प्रालिले साथ दिएको छ ।

उक्त कम्पनीले पोखरा स्पोर्टस् अवार्डको महत्वपूर्ण विधा पिपल्स च्वाइस अवार्डमा प्रदान गरिने टिभिएस एनटर्क स्कुटर प्रायोजन गर्ने भएको हो । सो सम्बन्धमा बिहीबार पोखराको न्यूरोडस्थित कम्पनी परिसरमा आयोजित समारोहमा मञ्चका तर्फबाट अध्यक्ष एमबि आस्था र गुरुङ गहना घर प्रालिका तर्फबाट संचालक सीमा गुरुङबीच सहमतिपत्रमा हस्ताक्षर भयो । सो अवसरमा संचालक गुरुङले खेलाडी भनेका देशकै गहना भएकाले आफूले सहयोग गर्न चाहेको बताइन् । हालै मात्र नेपाली फुटबल साम्बाले उपचार सहयोगार्थ गरेको याचनाले आफू संवेदनशील बनेको उल्लेख गर्दै खेलाडीको सम्मानमा हुन लागेको पोखरा स्पोर्टस् अवार्डमा जोडिएको बताइन् । आफू विदेश नगई स्वदेशमै केही गर्न चाहेकाले व्यवसायमा हात हालेको जानकारी दिइन् । मानिसले चाहेमा स्वदेशमै पनि प्रगति गर्न सकिने उनको भनाइ थियो । सहयोगप्रति मञ्चका अध्यक्ष एमबि आस्थाले आभार व्यक्त गर्दै आगामी दिनमा पनि यस्तै सहयोगको अपेक्षा गरे । सो अवसरमा मञ्चका महासचिव परशुराम शर्माले संचालन र धन्यवाद ज्ञापन उपाध्यक्ष राजाराम पौडेलले गरे ।

२०७८ असोज २१ मा स्थापित गुहना घरको हाल पोखरा न्यूरोडमै तीन वटा शाखा कार्यालय सञ्चालित छन् । जसअनुसार गुरुङ गहनाघर प्रालिसहित गुरुङ गहना घर र गोल्ड स्पट हुन् । आगामी वैशाख १८ गते हुने उक्त अवार्डमा विभिन्न आठ विधामा अवार्ड प्रदान गरिने मूल आयोजक समिति अध्यक्ष समेत रहेका मञ्च अध्यक्ष एमबि आस्थाले जानकारी दिए । गण्डकी प्रदेश सरकार, प्रदेश खेलकुद परिषद् गण्डकीसहित कास्कीका पोखरा महानगरसहित पाँचै वटा पालिकाको विशेष सहयोग रहनेछ । अवार्ड सफल पार्न विभिन्न संघसंस्थाले सहयोग गर्ने क्रम जारी छ ।

# तनहुँका एक हजार ५०० जनाको निःशुल्क आँखा जाँच

पोखरापत्र संवाददाता
दमौली, २० चैत

तनहुँको भानु नगरपालिकामा सञ्चालन गरिएको निःशुल्क आँखा परीक्षण शिविरमा एक हजार पाँच सय जनाको परीक्षण गरिएको छ ।

नेपाल नेत्रज्योति सङ्घद्वारा सञ्चालित भरतपुर आँखा अस्पतालको प्राविधिक सहयोगमा सञ्चालित सो शिविरमा मोतियाबिन्दुको समस्या देखिएका ११० जनाको शल्यक्रिया समेत गरिएको छ ।

आइतबारदेखि सुरु भई बुधबार सकिएको शिविर अन्तर्गत भानु-१३, भानु -९, भानु-१ र भानु -३ मा आँखा शिविर सञ्चालन गरिएको थियो ।

आर्थिक अभावका कारण उपचारबाट वञ्चित स्थानीयवासीका लागि शिविरले सहयोग गरेको बताइएको छ । नेत्र विशेषज्ञ डा मारिया गौतम सहितको टोलीले आँखाको शल्यक्रिया गरेका थिए ।

भानु-२ नारेश्वटारस्थित भानु सामुदायिक स्वास्थ्य केन्द्रमा समस्या भएकाको शल्यक्रिया गरिएको स्वास्थ्य शाखा प्रमुख ऐश्वर्यचन्द्र भट्टराईले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "आँखा जस्तो संवेदनशील अङ्गको उपचार समयमै हुनसकेन भने मानिसको जीवनस्तरमा प्रत्यक्ष असर पर्छ । भानु नगरपालिकाले यही कुरालाई ध्यानमा राख्दै प्रत्येक वर्ष निःशुल्क आँखा शिविर सञ्चालन गर्दै आएको छ ।

यसवर्ष पनि उल्लेख्य सङ्ख्यामा बिरामीहरुले सेवा लिनुभएको छ ।" आँखा परीक्षणका लागि सदरमुकाम दमौली, पोखरा वा चितवन जानुपर्ने बाध्यताको अन्त्यका लागि नगरपालिकाले स्थानीयस्तरमै शिविर गरी शल्यक्रिया सेवा प्रदान गरेको भानु नगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठीले जानकारी दिनुभयो । "स्वास्थ्य सेवा नागरिकको आधार भूत अधिकार हो । त्यसैले टाढाटाढा धाउनुपर्ने अवस्थाको अन्त्य गर्न हामीले आफ्नै नगरभित्र विशेषज्ञ सेवा ल्याएका हौं," उहाँले भन्नुभयो, "यसले विशेषगरी आर्थिक रूपमा कमजोर तथा ज्येष्ठ नागरिकलाई प्रत्यक्ष लाभ पुगेको छ ।"

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : शुभ यात्रा |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : मानसिक तनाव | धनु | : आर्थिक समस्या |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : व्यापारमा लाभ | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : झमेला बढ्ने | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

# सडक सञ्जालमा जोडियो म्याग्दीको विकट गाउँ गुर्जा

पोखरापत्र संवाददाता
म्याग्दी, २० चैत



धवलागिरि गाउँपालिका-१ गुर्जा सडक सञ्जालमा जोडिएको छ । गुर्जासँगै म्याग्दीका छवटा स्थानीय तहका ४५ वटै वडामा सडक पुगेको हो ।

धवलागिरि गाउँपालिकाले सञ्चालन गरेको लुलाङ-गुर्जा सडक योजनामार्फत गुर्जाको कानबराह नजिकैसम्म सडकको मार्ग खोल्न प्रयोग भएको डोजरसँगै 'विएए' ७८४६ नम्बरको जिप बिहीबार पहिलोपटक पुगेको गुर्जाका वडाध्यक्ष झक छन्त्यालले जानकारी दिनुभयो । "यसअघिका तीन वर्षमा गाउँपालिका, प्रदेश र सङ्घीय सरकारको लगानीमा लुलाङदेखि भैसीमानेसम्म करिब १८ किलोमिटर सडकको मार्ग खुलेको थियो", उहाँले भन्नुभयो, "चालु आर्थिक वर्षमा थप करिब चार किलोमिटर ट्र्याक (मार्ग) बनाएर गुर्जालाई यातायात सञ्जालसँग जोड्ने योजना निर्माणको अन्तिम चरणमा पुगेको छ ।" थप एक किलोमिटर मार्ग खोलेर आगामी एक हप्ताभित्र गुर्जा गाउँसम्मै गाडी पुर्‍याउने तयारी भएको छ । चालु आर्थिक वर्षमा रु एक करोड ७० लाख बजेट विनियोजन गरेको योजनामार्फत छनोट भएको ठेकेदार कम्पनी लुलु कन्ट्रक्सनले गत पुसमा रु ८८ लाख ८५ हजारमा ठेक्का सम्झौता गरेको थियो । आव २०७९/८० देखि सुरु भएको लुलाङ-गुर्जा धवलागिरि गाउँपालिकाको गौरवको प्राथमिकताप्राप्त योजना भएको गाउँपालिकाका उपाध्यक्ष रेशम पुनमगरले बताउनुभयो । दुई वर्षअघिसम्म गुर्जादेखि लुलाङ पुग्न पूरै दिन भिर, जङ्गल र खोल्साको उकालो, ओरालो पैदलयात्रा गर्नुपर्ने अवस्था थियो ।

हाल गाडी पुग्ने गाउँदेखि पाँच मिनेट पैदलयात्रा गरेर गुर्जा पुग्न सकिन्छ । गत फागुनमा पाल्टनमा पुगेको सडक निर्माणकार्य डोजर बिग्रिएका कारण एक महिनापछि केही दिनअघि सञ्चालन भएको थियो । म्याग्दी १ (१) बाट निर्वाचित गण्डकी प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जाली (सुविन)ले गुर्जासहित म्याग्दीका सबै वडाहरूमा सडक पुगेको बताउनुभयो । "भौगोलिक रूपमा विकट र दुर्गम क्षेत्रमा अवस्थित गुर्जामा सडक पुर्‍याउन सफल भएका छौँ", उहाँले भन्नुभयो, "तीनै तहका सरकार र समुदायको सहकार्यमा गुर्जालाई सडक सञ्जालमा जोड्न सफल भएका हौं ।" गाडी चल्न थालेपछि गुर्जाबाट दुई घण्टा ३० मिनेटमा गाउँपालिकाको केन्द्र मुना, पाँच घण्टामा बेनी र सात घण्टामा पोखरा पुग्न सकिने भएको छ । यसअघि गुर्जादिखि मुना पुग्न पूरै दिन पैदलयात्रा गर्नुपर्ने अवस्था रहेको स्थानीय गोर्खा छन्त्यालले बताउनुभयो । गाडी चल्न थालेपछि बिरामीलाई अस्पताल पुर्‍याउन, कृषि, पशुजन्य र जडीबुटी बजारीकरणमा सहज भएको छ । गुर्जामा पर्यटकको चहलपहल बढ्न थालेको छ ।

मार्ग खुलेको सडकको ग्रेड, घुम्ती मिलाउन, साँघुरो ठाउँमा फराकिलो पार्न, पक्की नाला बनाउन चालु आवमा सङ्घीय सरकारको सहरी विकास मन्त्रालयबाट रु तीन करोड र गण्डकी प्रदेश सरकारले रु ५० लाख विनियोजन गरेको छ । प्रदेश सरकारले पालिकामा पठाएको रु ५० लाख बजेटको योजना कार्यान्वयनका लागि ठेक्का आह्वान भइसकेको पालिका अध्यक्ष प्रेमप्रसाद पुनले बताउनुभयो । गुर्जा जोड्ने सडकमा पर्ने लमसुङस्थित दरखोलामा प्रदेश सरकारले २५ मिटर लामो मोटरेबल पुल निर्माण थालेको छ । दैनिक उपभोग्य, निर्माण सामग्री ढुवानी, बिरामीलाई समयमै अस्पताल पुर्‍याउन सहज भएको छ । गुर्जामा अल्पसङ्ख्यक छन्त्याल र दलित समुदायको बसोबास छ । एउटै बस्ती एकै वडामा समेटिएको दुई ६५ घरपरिवार रहेको गुर्जाको जनसङ्ख्या एक हजार ५०५ जना छ ।

# मैथिली भाषाको यात्रा संस्मरण 'जगन्मुक्ति' लोकार्पण

पोखरापत्र संवाददाता
गण्डकी, २० चैत




राष्ट्रिय समाचार समिति (रासस)का निवर्तमान कार्यकारी अध्यक्ष धर्मेन्द्र झाद्वारा लिखित मैथिली भाषाको यात्रा संस्मरण 'जगन्मुक्ति' लोकार्पण गरिएको छ ।

सो पुस्तक नेपाल पत्रकार महासङ्घ बाग्लुङद्वारा शुक्रबार आयोजित 'बागलुङ मिडिया मेला, २०८२'को उद्घाटन समारोहमा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले लोकार्पण गर्नुभएको हो ।

साहित्यमा धर्मेन्द्र विह्वल उपनामले परिचित झाले हिन्दू र बौद्ध धर्मावलम्बीको साझा तीर्थस्थल हिमालपारिको जिल्ला मुस्ताङस्थित मुक्तिनाथ र समुद्र किनारास्थित जगन्नाथसम्मको नियात्रालाई सो पुस्तकमा समेट्नुभएको छ ।

मुक्तिनाथका सम्बन्धमा मैथिली भाषामा लिखित पहिलो पुस्तकका रूपमा जगन्मुक्ति रहेको बताउँदै लेखक झाले मैथिली भाषीलाई मुक्तिनाथ जान्न र बुझ्न यो उपयोगी बन्ने विश्वास व्यक्त गर्नुभयो । पछिल्लो समय मुक्तिनाथ दर्शन गर्न जाने मैथिली भाषीको सङ्ख्या बढेको उल्लेख गर्दै उहाँले भन्नुभयो, "प्रत्येक मिथिलावासीको घरमा शालग्रामको पूजा हुन्छ । मुक्तिनाथ शालग्रामको केन्द्र हो ।"

यात्राका क्रममा देखिएका विभिन्न विषयवस्तुलाई कुल १०२ पृष्ठमा समेटिएको पुस्तकमा विभिन्न महत्त्वपूर्ण तस्वीर पनि समावेश गरिएको छ । उहाँका यसअघि 'रस्ता तकैत जिनगी', 'एक सृष्टि एक कविता', 'एक समयक बात्', 'शहरक भीडमे एसगर हम', 'व्योमक ओहि पार', 'मिथिला मिथक', 'नेपालीय मैथिली छापा पत्रकारिताको इतिहास', 'भ्रमरका उत्कृष्ट नाटकहरु' (अनुवाद), 'गोनु झाका कथाहरू'लगायत विभिन्न कृति प्रकाशित छन् ।

# पोर्चुगलले काठमाडौँमा कन्सुलर कार्यालय खोल्ने

पोखरापत्र संवाददाता
गण्डकी, २० चैत

पोर्चुगल सरकारले काठमाडौँमा आफ्नो कन्सुलर कार्यालय खोल्ने घोषणा गरेको छ ।

पोर्चुगलको विदेश मन्त्रालयले मन्त्रालयको आधिकारिक सामाजिक सञ्जाल 'फेसबुक र एक्स' मार्फत उक्त घोषणा गर्दै काठमाडौँमा कन्सुलर कार्यालय स्थापना गर्ने जनाएको हो । नेपालमा कन्सुलर कार्यालय स्थापना गर्ने पोर्चुगल सरकारको निर्णयले दुई देशबीचको द्विपक्षीय सम्बन्धलाई थप सुदृढ बनाउने तथा आपसी हित, सहकार्य र सहयोग अभिवृद्धिमा टेवा पुग्ने विश्वास गरिएको छ । नेपालले पोर्चुगल सरकारसँग काठमाडौँमा पोर्चुगलको दूतावास स्थापना गर्न आग्रह गर्दै आएको थियो ।

काठमाडौँमा पोर्चुगलको कन्सुलर कार्यालय स्थापना हुने भएपछि पोर्चुगलमा रहेका नेपालीलाई सहज हुने भएको छ । यसबाट भिसा, कागजात प्रमाणीकरण तथा अन्य कन्सुलर सेवाका लागि भारतको नयाँदिल्ली धाउनुपर्ने बाध्यताको अन्त्य हुने अपेक्षा गरिएको छ । नेपालमा पोर्चुगलको कूटनीतिक उपस्थिति हुने भएसँगै दुई देशबीचको व्यापार, लगानी, पर्यटन, ऊर्जा, कृषि तथा प्रविधिलगायत क्षेत्रमा सहकार्य र सहयोग अभिवृद्धि हुने अपेक्षा गरिएको छ ।

यसअघि परराष्ट्रमन्त्री शिशिर खनाल र पोर्चुगलका विदेशमन्त्री पाउलो रान्जेलबीच बुधबार टेलिफोन वार्ता भएको थियो । टेलिफोन वार्तामा मन्त्री खनालले सक्कली प्रहरी रिपोर्टमा भएको नक्कली छाप (फेक स्ट्याम्प)का कारण पोर्चुगलको कागजी प्रक्रियामा रहेका दुई हजारभन्दा बढी नेपाली नागरिकले भोग्नुपरेका कानुनी तथा प्रक्रियागत समस्याका बारेमा विदेशमन्त्री रान्जेलसमक्ष ध्यानाकर्षण गराउँदै सहजीकरणका लागि आग्रह गर्नुभएको थियो । सो अवसरमा विदेशमन्त्री रान्जेलले पोर्चुगलको अर्थतन्त्रमा नेपाली समुदायले पुर्‍याएको योगदानको प्रशंसा गर्दै कानुनी तथा प्रक्रियागत कठिनाइमा परेका नेपाली नागरिकका मुद्दा मानवीय दृष्टिकोणबाट समीक्षा गर्न सम्बन्धित निकायसँग सकारात्मक रूपमा पहल गर्ने आश्वासन दिनुभएको थियो ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १३, पानडाँडादेखि सिम्ले सडक स्तरोन्नती गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः पानडाँडादेखि सिम्ले सडक स्तरोन्नती
ठेगानाः पोखरा-१३, पानडाँडा सिम्ले
योजना सम्झौता मिति : २०८२/०९/१३ गते
योजना सम्पन्न हुने मितिः २०८२/०९/१४ गते
योजना सम्पन्न हुने भएको मितिः २०८२/११/३० गते
योजनाको कुल लागतः रु. ५,५५,५५६|-
महानगरपालिकाबाटः रु. ५,००,०००|-
जनसहभागिताबाटः रु. ५५,५५६|-
उपभोक्ता समिति अध्यक्षः कृष्ण प्रसाद बास्तोला
सम्पर्क नं.: ९७६४५००३०५

**पानडाँडादेखि सिम्ले सडक स्तरोन्नती उपभोक्ता समिति पोखरा-१३**

# पुख्र्यौली नाच जोगाउँदै नयाँपुस्ता

**कमल खत्री**
बेनी, २० चैत/रासस

जिल्लाका ग्रामीण भेगमा पुनमगर समुदायको बसोबास रहेका क्षेत्रमा यसअघि ज्येष्ठ नागरिकले पुख्र्यौली नाच जोगाउँदै आउनुभएको थियो । पछिल्लो समय गाउँमा अग्रज कलाकारले पुख्र्यौली नाच सिकाएसँगै यहाँका युवापुस्ता यसको संरक्षण र प्रवर्द्धनमा जुटेका छन् ।

जिल्लाको रघुगङ्गा गाउँपालिका-७ चिमखोलाका १३ वर्षीय अमनपराइ पुन पुख्र्यौली नाचमा सहभागी हुन थाल्नुभएको छ । चिमखोलास्थित अमर माविमा कक्षा ७ मा अध्ययनरत पुनले गाउँमा आयोजना हुने पुख्र्यौली नाचमा मारुनीको भूमिकामा आफूलाई प्रस्तुत गर्दै आउनुभएको हो । अग्रजबाट नान सिकेपछि उहाँले पुख्र्यौली समूहसँगै जोडिएर आफ्नो कलाकारितालाई अगाडि बढाउँदै आएको बताउनुभयो ।

चिमखोलाको पुख्र्यौली समूहमा अहिले चार जना नयाँ कलाकार जोडिएका छन् । अमनसँगै ११ वर्षीय नविन पुन, १० वर्षीय आर्नलपहरे पुन र १६ वर्षीय रोहन गर्बुजाले पुख्र्यौली नाचअन्तर्गत मादले र मारुनीको भूमिकामा प्रस्तुति दिँदै आउनुभएको हो । युवापुस्ता शिक्षा, रोजगारीलगायतको खोजीमा बाहिर जाँदा गाउँमा पुख्र्यौली कला, संस्कृतिको संरक्षण र पुस्तान्तरणमा समस्या हुन थालेपछि ज्येष्ठ नागरिकले नयाँपुस्तालाई समूहमा सहभागी गराएर नाच देखाउन थालिएको पुख्र्यौली समूहका मादलेरोहन गर्बुजाले बताउनुभयो । "मेरो बुबा पनि पुख्र्यौली नाच नाच्नुहुन्छ, उहाँकै प्रेरणाले म मादले बनेर नाच्न थालेको हुँ । आफ्नो पुर्खाले सुरु गरेका संस्कृतिलाई निरन्तरता दिन पाउँदा गौरवको अनुभूति हुने गरेको छ", गर्बुजाले भन्नुभयो । नयाँ र युवापुस्ताका



कलाकारले फुर्सदको समयमा विद्यालय तथा समुदायका विविध गतिविधिमा पुख्र्यौली नाचको अभ्यास गर्दै आएका उहाँको भनाइ छ । "पुनमगर समुदायमा पुख्र्यौली मादले, मारुनी नाच मौलिक संस्कृतिका रूपमा रहेको छ । पछिल्लो समय युवायुवती रोजगार तथा शिक्षाका लागि विदेश पलायन हुने थालेपछि गाउँमा पुख्र्यौली नाच पुस्तान्तरण हुन सकिरहेको छैन्", गर्बुजाले भन्नुभयो । गाउँमा हुने उत्सव, मेला पर्व र पूजाआजामा ज्येष्ठ नागरिकले पुख्र्यौली नाचका साथै परम्परागत कला, संस्कृतिका विविध गतिविधि सञ्चालन गर्दै आएकामा पछिल्लो समय युवापुस्ताको सहभागिता बढाउन पहल थालिएको गर्बुजाले बताउनुभयो । पुख्र्यौली नाचका लागि कम्तिमा चार जना मादले र मारुनीसँगै सोरठी भाकामा गीत गाउन १५ जनाभन्दा बढी कलाकार आवश्य पर्ने भएकाले सोहीअनुसार समूह बनाउनुपर्ने उहाँले जानकारी दिनुभयो ।

एउटा पुख्र्यौली नाचका लागि एकै पटक धेरै जना आवश्यक पर्ने जनाउँदै उहाँले नयाँ पुस्ताको अभाव देखिन थालेपछि विद्यालयतहबाट नयाँ कलाकारलाई पुख्र्यौली नाचसम्बन्धी कला सिकाउन थालिएको चिमखोलाका अग्रज कलाकार गम पुनमगरले बताउनुभयो । बेलायतमा रहनुभएका स्थानीय दुत गर्बुजाले २० वटा मादल उपलब्ध गराएपछि नयाँ पुस्ताले विद्यालयमा फुर्सदको समय सदुपयोग गरी पुख्र्यौली नाच सिक्दै आएका छन् । "चिमखोला संस्कृतिमा धनी छ, यहाँबाट सुरु भएको थाली नाच अहिले राष्ट्रिय तथा अन्तराष्ट्रिय रूपमा चर्चामा छ । पुख्र्यौली नाच पनि हाम्रो गाउँमा प्रख्यात छ, पुर्खाले जोगाउँदै ल्याएका कला, संस्कृति र परम्परालाई संरक्षण गर्दै निरन्तरता दिन हामी लागिपरेका छौँ", उहाँले भन्नुभयो । पुख्र्यौली समूहमा युवायुवतीको खाँचो भइरहेको समयमा विद्यालयका विद्यार्थी पुख्र्यौलीमा आकर्षित भएपछि यसलाई जगेर्ना गर्दै पुस्तान्तरण हुनेमा आशा पलाएको उहाँको भनाइ छ । ग्रामीण भेगमा मेलापर्व, विवाह, क्षवरलगायत धार्मिक, सांस्कृतिकदेखि सार्वजनिक कार्यक्रममा अतिथिको स्वागतमा समेत पुख्र्यौली नाच प्रदर्शन गर्ने परम्परा रहिआएको अग्रज कलाकार पुनमगरले बताउनुभयो ।"सुरुमा नाच देखाउनुअघि सोरठी भाकामा सरस्वती जगाउने गरिन्छ । मादलको तालमा सोरठी भाकाको कम्पनमा नाच्ने कलाकारदेखि हेर्ने दर्शकसम्म काम्ने यो नाचको अनौठो विशेषता छ । देवीदेवतालाई पुकारेर सरस्वती जगाउँदा सरस्वती जागेर कामेकालाई मादलको तालले फेरि सामान्य अवस्थामा फर्काउने गरिन्छ", उहाँले भन्नुभयो ।

पुख्र्यौली नाचका लागि गाइने ख्याली र सोरठी भाकामा देवीदेवताका कथादेखि मायाप्रेम र सद्भावसँगै अधिकार र जिम्मेवारीका विषयलाई टुक्का गीतमार्फत गाउने चलन रहिआएको अग्रज कलाकार पुनमगरले जानकारी दिनुभयो ।

जिल्लामा पुख्र्यौली नाच लोकप्रिय मौलिक संस्कृतिका रूपमा रहेपनि युवापुस्ताको अभाव र बाह्य संस्कृतिको प्रभावले कला, संस्कृति लोप हुने जोखिम बढ्न थालेकाले यसको संरक्षणका लागि समुदायस्तरमा जागरण अभियान थालिएको नेपाल मगर सङ्घ म्याग्दीका अध्यक्ष खम थापामगरले बताउनुभयो ।

युवायुवतीले पुख्र्यौली नाच र सोरठी गाउन सिके पनि उनीहरू विदेश पलायन हुने भएकाले ज्येष्ठ नागरिक संस्कृति जगेर्नामा अग्रसर बन्नुपरेको भन्दै उहाँले नयाँ पुस्तालाई मौलिक परम्परा र कला, संस्कृति पुस्तान्तरण आवश्यक रहेकामा जोड दिनुभयो । "पुख्र्यौली नाचमा मादलेको भूमिकामा पुरुष हुन्छन् भने पुरुष नै महिलाको भेषमा सजिएर मारुनी बन्ने गर्छन् । महिलाले सोरठी र ख्याली भाका गाउँदा मादले र मारुनीले गीतको भाकामा मादलको ताल मिसाएर नाच देखाउँछन् । चोली, गुन्यू, पटुका, घल्याङ, पछ्यौरा, माला, हातमा रैयाँले सिँगारिएर पुरुष मारुनी बन्छन् भने सोही अनुपातमा शिरमा फेटा/टोपी, भोटो, खादी, भाङ्ग्रा पहिरिएर कम्मरमा मादल भिरेर मादले बन्ने गर्छन्", अध्यक्ष थापामगरले भन्नुभयो । पछिल्लो समय अध्ययन, रोजगारी, व्यापारव्यवसायलगायत कारणले गाउँ छाडेर देश तथा विदेशमा पुगेका म्याग्दीका पुनमगर समुदायले गाउँ र टोलस्तरमा रहेका पुख्र्यौली नाचलाई विस्तार गर्दै संरक्षण र प्रवर्द्धनमा भूमिका निर्वाह गरिरहेका छन् ।

# पोखरा स्पोर्टस अवार्डमा आईएमई खल्तीको साथ

**पोखरापत्र संवाददाता**
पोखरा, २० चैत

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको आयोजनामा हुने दशौं पोखरा स्पोर्टस अवार्डका लागि आईएमई खल्तीले सहकार्य गर्ने भएको छ ।

विशेषगरी अवार्डअन्तर्गत पर्ने 'पिपुल्स च्वाइस अवार्ड' का लागि आईएमई खल्तीले अनलाइन भोटिङ व्यवस्थापनमा सहकार्य गर्नेछ ।

शुक्रबार आयोजित कार्यक्रममा मञ्चका कार्यवाहक अध्यक्ष राजाराम पौडेल र आईएमई खल्ती लिमिटेडका गण्डकी प्रदेश इन्चार्ज एण्डिज बस्नेतबीच सहकार्यसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर गरिएको हो । सम्झौता कार्यक्रममा बोल्दै आईएमई खल्तीका गण्डकी प्रदेश इन्चार्ज बस्नेतले पोखरामा विगत पाँच वर्षदेखि सेवा विस्तार गर्दै आएको खल्तीले गण्डकीकै प्रतिष्ठित कार्यक्रम पोखरा स्पोर्टस अवार्डसँग सहकार्य गर्न पाउँदा खुशी लागेको बताए । उनले औपचारिक सम्झौताअघि नै अवार्डको प्रवर्द्धन सुरु गरिसकेको उल्लेख गर्दै पोखरा तथा आसपासका दुई दर्जनभन्दा बढी कार्यक्रमहरूमा सफलतापूर्वक सहकार्य गरिसकेको जानकारी दिए ।



साथै, पोखरा स्पोर्टस अवार्डको गरिमा अझ उचो बनाउने गरी काम गर्ने प्रतिबद्धता जनाए । त्यस्तै, मञ्चका कार्यवाहक अध्यक्ष राजाराम पौडेलले आठ विधामा आयोजना हुने दशौं संस्करणमा पुनः समावेश गरिएको 'पिपुल्स च्वाइस अवार्ड' का लागि आईएमई खल्तीसँग सहकार्य गर्न पाउँदा खुशी लागेको बताए । विगतका केही संस्करणमा स्थगित रहेको उक्त विधा यसपटक पुनः सञ्चालनमा आउन लागेको उनले जानकारी दिए । पाँच उत्कृष्ट खेलाडीबीच हुने प्रतिस्पर्धामा अनलाइन भोटिङमार्फत विजेता छनोट गरिनेछ।

पोखरा स्पोर्टस अवार्ड २०७२ सालदेखि निरन्तर आयोजना हुँदै आएको छ । दशौं संस्करणअन्तर्गत 'पिपुल्स च्वाइस अवार्ड' विजेताले टीभीएस एनटर्क स्कुटर पुरस्कारस्वरूप प्राप्त गर्नेछन्। उक्त पुरस्कारको प्रायोजन पोखरास्थित गुरुङ गहना घर प्रालिले गरेको मञ्चका महासचिव परशुराम शर्माले जानकारी दिए ।

दशौं पोखरा स्पोर्टस अवार्ड आगामी वैशाख १८ गते पोखरामा आयोजना हुने कार्यक्रम रहेको छ । अवार्डका लागि गण्डकी प्रदेश सरकार, प्रदेश खेलकुद परिषद् गण्डकीसहित कास्कीका पोखरा महानगरसहित पाँचै वटा पालिकाको विशेष सहयोग रहनेछ । अवार्ड सफल पार्न विभिन्न संघसंस्थाले सहयोग गर्ने क्रम जारी छ ।

# सिक्लेसमा पर्यटक आगमन घट्यो

**पोखरापत्र संवाददाता**
दमौली, २० चैत

अघिल्लो महिनाको तुलनामा मार्चमा कास्कीको पर्यटकीय गाउँ सिक्लेसमा पर्यटक आगमन घटेको छ ।

मार्चमा एक हजार ९२६ जना पर्यटकले यो स्थानको भ्रमण छन् । मार्चमा मौसम अनुकूल नहुँदा अघिल्लो महिनाको तुलनामा सिक्लेसमा कम पर्यटक आएका त्यहाँस्थित पर्यटक सूचना केन्द्रले जनाएको छ । जङ्गलले घेरिएको बस्ती, ढुङ्गाले छापिएका बाटा र ठाउँठाउँमा राखिएका सिक्लेस गाउँ प्राकृतिक सौन्दर्यसँगै गुरुङ संस्कृति, परम्परा र इतिहासका कारण प्रसिद्ध छ । यो नेपालको शान्ति प्रक्रियाको उद्गमस्थलका रूपमा परिचित छ ।

समुद्र सतहबाट एक हजार ९५० मिटरको उचाइमा अवस्थित सिक्लेसदेखि गुरुङ सम्पदा पदमार्गअन्तर्गत कफुचे, कोरी, क्होलासौँथर, दूधपोखरी पदयात्राको मार्ग हो ।

# डुम्रे-बेँसीसहर सडक दैनिक आठ घण्टा बन्द हुने

**पोखरापत्र संवाददाता**
दमौली, २० चैत

डुम्रे बेँसीसहर सडकअन्तर्गत तनहुँको भानु नगरपालिकाको कुकुदी- तुरतुरे खण्ड दैनिक आठ घण्टा बन्द हुने भएको छ ।

भानु नगरपालिका-३ कुकुर्दीदेखि तुरतुरेसम्मको सडक विस्तारका निम्ति यही चैत २१ देखि ३० गतेसम्म दैनिक आठ घण्टा सडक अवरुद्ध गरी काम गर्न लागिएको हो ।

जिल्ला प्रशासन कार्यालयका अनुसार मध्याह्न १२:०० बजेदेखि दिउँसो ४:०० बजेसम्म र बेलुका ५:०० बजेदेखि राति ९:०० बजेसम्म सडक बन्द हुनेछ । उक्त कार्यालयले वैकल्पिक सडक प्रयोग गर्न सम्बद्ध सबैलाई आग्रह गरेको छ ।

# भेडापाल्न जङ्गल पसेका हिमबहादुर

**रासस**
म्याग्दी, २० चैत

रोजगारीको सिलसिलामा २० वर्ष विदेशमा बिताएका म्याग्दीको धवलागिरि गाउँपालिका-५ मल्कवाङ्का ५० वर्षीय हिमबहादुर छन्त्याललाई सहरबजारको सुविधायुक्त बसाइ छाडेर भेडाबाख्राको पछि लागेर लेकबेसी गर्नुपर्ने बाध्यता थिएन् ।

सुविधा, अवसर र रोजगारीको लागि गाउँबाट सहर र सहरबाट विदेश पलायन हुने क्रम चलिरहेका समयमा म्याग्दीको विकट र दुर्गम क्षेत्रका रूपमा चिनने मल्कवाङ्का हिमबहादुर भेडाबाख्रा पालेर जङ्गल पस्नुभएको छ ।

"युएइमा २० वर्ष काम गरेर कमाएको पैसाले पोखरामा घरपरिवारसँगै बिलासी जीवन बिताउन पनि पुग्ने थियो," उहाँले भन्नुभयो "आफ्नो जन्मिएको ठाउँमा पनि केही गरौँ । कोही गाउँ छाडेर गए पनि कोहीले केही गर्नुपर्छ भन्ने भावनाले प्रेरित भएर जन्मथलो फर्किएर ब्यावसायिक भेडाबाख्रा पालेको हो ।"हिमबहादुरले विदेशमा आर्जेको अनुभव र पुँजीलाई परिचालन गरेर जन्मथलोमा 'मल्कवाङ भेडाबाख्रा फार्म' सञ्चालन गर्नुभएको छ । उहाँका परिवार र आफन्त पोखरामा बसोबास गर्नुहुन्छ । उहाँ भने छ सय भेडा चराउँदै हिउँदमा बेसीका



फाँट र बर्खामा हिमालको काँखमा घुम्ती गोठ लिएर पुग्ने गर्नुभएको छ । "असोजमा बेसी झारेको भेडागोठ हिउँदभरी मल्कवाङ्को फेदी खालीखोलामा राखे," उहाँले भन्नुभयो "वैशाख महिनासँगै गोठ लेकतिर सार्दै साउन-भदौमा धौलागिरि हिमालको बुकी पाटनमा पुऱ्याउछौँ ।" सहरबजारको कोलाहल, प्रदूषण र तनाव भन्दा भेडाबाख्रासँगै लेकबेसी गर्दा रमाइलो लाग्ने हिमबहादुरले अनुभव सुनाउनुभयो । एक वर्षमा तीन सयको हाराहारीमा भेडाबाख्रा बिक्री गर्ने हिमबहादुरले आफू स्वरोजगार बन्नुका साथै गाउँका तीन जनालाई रोजगारी दिनुभएको छ । करिब रु एक करोड लगानी गरेर भेडाबाख्रा फार्म खोलेका हिमबहादुरले वार्षिक रु ३० देखि ४० लाखको भेडाबाख्रा बिक्री हुने बताउनुभयो । मासु र पूजाआजाका लागि गोठबाटै भेडाबाख्राको खसीबोका बिक्री हुन्छन् । उत्पादन गर्न सकेमा बजारको समस्या नभएको हिमबहादुरको अनुभव छ । भेडाबाख्रालाई हिउँको चिसोबाट बचाउनका लागि धवलागिरि गाउँपालिकाले खालीखोलामा टहरा निर्माण गर्न सघाएको वडाध्यक्ष अमर छन्त्यालले बताउनुभयो ।

भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रले आन्तरिक तथा बाह्य परजीवी तथा महामारीकाविरुद्ध निःशुल्क खोपको व्यवस्था मिलाएको छ । घुम्ती गोठमा भेडाबाख्राको सुरक्षाका लागि हिमबहादुरले पाँच वटा कुकुर पाल्नुभएको छ । खाद्यान्न ढुवानी गर्न दुई वटा घोडा पनिसँगै पाल्नुभएको छ । चरन क्षेत्रको कमी, वन्यजन्तुको आक्रमण र मौसममा आएको परिवर्तन भेडापालनमा चुनौती बनेको हिमबहादुरले बताउनुभयो ।

# युद्धको अफवाह फैल्याउने ११ नेपाली पक्राउ

**रासस**
काठमाडौं, २० चैत

इजरायल-अमेरिका र इरानबीच चलेको युद्धबारे अफवाह फैलाउने श्रव्यदृश्य सामग्री, तस्बिरलगायत सामाजिक सञ्जालमा पोष्ट गरेका कारण पश्चिम एसियाका विभिन्न मुलुकमा ११ नेपाली पक्राउ परेका छन् । परराष्ट्र मन्त्रालयले आज पत्रकार सम्मेलन गरेर उक्त जानकारी गराएको हो ।

पक्राउ पर्नेमा साउदी अरेबियामा चार, युनाइटेड अरब इमिरेट्स (यूएई) र कतारमा तीन/तीन तथा ओमानमा एक जना रहेका छन् । क्षेप्यास्त्र तथा ड्रोनमार्फत भइरहेको आक्रमणको तस्बिर तथा श्रव्यदृश्य सामग्री खिचेर कुनै पनि सामाजिक सञ्जालमा डर त्रास देखाउन पोष्ट गरे कानुनी सजाय भोग्नुपर्ने व्यवस्था छ ।

त्यही अनुरुप हालसम्म ११ नेपालीलाई सामाजिक सञ्जालमा त्यस्ता किसिमका सामग्री राखेर कानुन उल्लङ्घन गरेको आरोपमा पक्राउ गरिएको मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले जानकारी दिनुभयो ।

"पक्राउ परेका नेपाली नागरिकको अवस्था र छुटाउन सकिने विषयमा सम्बन्धित देशका दूतावास र नियोगहरुसँग जानकारी दिने काम भइरहेको छ। पक्राउ परेका नेपाली नागरिक कुन कानुन उल्लङ्घनअन्तर्गत पक्राउ गरेका हुन् र कति जरिवाना लाग्छ भन्नेबारे जानकारी लिने काम भइरहेको छ", प्रवक्ता क्षेत्रीले भन्नुभयो । मध्य पश्चिम मुलुकमा युद्धको प्रभावका कारण रोजगार गुमाउनुपर्ने जोखीम नरहेको प्रवक्ता क्षेत्रीले बताउनुभयो । उहाँका अनुसार खास गरी होटल, रेष्टुरेण्ट र पर्यटन जस्ता क्षेत्रमा नेपाली कामदारले जागीर गुमाउने चिन्ता बढेको भए पनि ठूलो क्षेत्रमा त्यसको खतरा नरहेको सम्बन्धित नियोगहरुले जानकारी दिएका छन् ।

खाडी मुलुकमा युद्धबाट प्रभावीत/ असुरक्षित भई घर फर्किन चाहने नेपालीलाई उद्धार गर्ने काम निरन्तर भइरहेको उहाँले बताउनुभयो । मन्त्रालयले जारी गरेको 'कल सेन्टर'मा नेपाली नागरिकले उडानको अवस्था के छ ? घर फर्किन चाहने र श्रम स्वीकृतिबारे जिज्ञासा राख्ने गरेका प्रवक्ता क्षेत्रीले बताउनुभयो । "अहिलेसम्म ८६ हजार ४२० जनाले नाम दर्ता गराएका छन् ।

असुरक्षित छु भन्नेको सङ्ख्या विस्तारै कम हुँदै गएको छ । असुरक्षित छु भन्नेहरुले पनि विस्तारै सुरक्षित भएर यहीँ काम गर्ने भनिरहेका छन् । ट्रान्जिटमा परेकाहरुको उद्धार लगभग पूरा भइसकेको छ", उहाँले भन्नुभयो ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १६, घार्मीखोला अर्मलाकोट सडकखण्ड अन्तरगत ज्योतिडाँडा स्थित सडक संचालन संरक्षण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः घार्मीखोला अर्मलाकोट सडकखण्ड अन्तरगत ज्योतिडाँडा स्थित सडक संचालन संरक्षण
ठेगानाः पोखरा-१६
योजना सुरु हुने मितिः २०८२/०७/१८ गते
योजना सम्पन्न हुने मितिः २०८२/१२/३० गते
योजना सम्पन्न भएको मितिः २०८२/१२/१९ गते
योजनाको कुल लागतः रु. ९,१२,५०५.४४
महानगरपालिकाबाटः रु. ८,२१,२९९।-
जनसहभागिताबाटः रु. ९१,२०६.४४
उपभोक्ता समिति अध्यक्षः सिंह बहादुर परियार
सम्पर्क नं.: ९८४६२८७४०३
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः २ पुरुषः ५ जना

**घार्मीखोला अर्मलाकोट सडकखण्ड अन्तरगत ज्योतिडाँडा स्थित सडक संचालन संरक्षण उपभोक्ता समिति पोखरा-१६**